# मानवअधिकारपत्र

*Human Rights Post*

सबैका लागि मर्यादा, समानता र न्याय

NHRC Monthly Newsletter Vol. 6 Issue 1, Apr. - May 2013

वर्ष ६, अङ्क १ राष्ट्रिय मानवअधिकार आयोगको समाचार बुलेटिन २०७० वैशाख


# ज्येष्ठ नागरिकको अधिकार सुनिश्चित हुनुपर्ने



म्याग्दीका ज्येष्ठ नागरिक र सरोकारवाला व्यक्तिहरूले ज्येष्ठ नागरिकको हक-अधिकार संविधानमा सुनिश्चित हुनुपर्ने खाँचो औंल्याउनुभएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (पोखरा) ले म्याग्दीको धार्मिकस्थल गलेश्वरमा आयोजित ज्येष्ठ नागरिकहरूको अधिकारसम्बन्धी कार्यशालामा सो खाँचो औंल्याइएको हो ।

सो अवसरमा प्रमुख अतिथिको आसनबाट बोल्दै आयोगका सदस्य रामनगिना सिंहले ज्येष्ठ नागरिकहरूको अधिकार सुनिश्चितताका लागि परिवार र समाजले विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

उहाँले राज्यले ज्येष्ठ नागरिकको आवश्यकतालाई ध्यानमा राखेर समुदायमा आधारित पुन:स्थापना केन्द्र खुल्नुपर्ने आवश्यकता औंल्याउँदै त्यसका लागि राज्यले पर्याप्त बजेटको व्यवस्था



गर्नुपर्ने बताउनुभयो ।

उहाँले ज्येष्ठ नागरिकको अधिकारबारे अन्तर्राष्ट्रिय दस्तावेजहरूमा उल्लिखित प्रावधानहरूको आधारमा ज्येष्ठ नागरिकको मर्यादा र अधिकार कायम गरिनुपर्ने धारणा पनि अघि सार्नुभयो ।

कार्यशालामा आयोगका निर्देशक सुवर्ण कर्माचार्यले जेष्ठ नागरिकको सम्मान, उहाँहरूप्रति राज्यको दायित्व, ज्येष्ठ नागरिक ऐन, २०६३ मा भएका व्यवस्थालगायतका विषयमा विश्लेषणात्मक धारणा अघि सार्नुभयो ।

सो अवसरमा आयोगका निमित्त क्षेत्रीय निर्देशक यज्ञप्रसाद अधिकारीले कार्यपत्र प्रस्तुत गर्दै ज्येष्ठ नागरिकको अधिकारबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दस्तावेजमा भएका प्रावधानहरू उद्धृत गर्दै ज्येष्ठ नागरिकको अधिकार र सम्मानका पक्षमा राज्य तथा परिवारले खेल्नुपर्ने भूमिकाबारे प्रकाश पार्नुभयो ।

कार्यशालामा प्रमुख जिल्ला अधिकारी चन्द्रबहादुर कार्की, जिल्ला अदालत म्याग्दीका न्यायाधीश विनोद शर्मा, स्थानीय विकास अधिकारी विष्णुप्रसाद शर्मा, गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष रुद्रबहादुर केसी, ज्येष्ठ नागरिक महासंघका महासचिव छत्र प्रधानलगायतका वक्ताहरूले ज्येष्ठ नागरिकको मर्यादा र अधिकारसँग गाँसिएका विविध विषयमा विचार राख्नुभयो ।

...बाँकी पृष्ठ २ मा

## लैङ्गिकता र सामाजिक समावेशीकरणबारे सचेतना कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोगले आयोगकै कर्मचारीहरूलाई लक्ष्यित गरेर 'लैङ्गिता र सामाजिक समावेशीकरणबारे सचेतना कार्यक्रम' अयोजना गरेको छ ।

कार्यक्रममा बोल्दै अध्यक्ष उपाध्यायले नेपाली समाजमा जानिंदो र नजानिंदो दुबै किसिमबाट लैङ्गिकता एवम् सामाजिक विभेद कायम रहेकोले यसको अन्त्यका लागि आफैंबाट प्रयास थालनी गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले सबैको अस्तित्वलाई स्वीकार गर्ने र हरेक व्यक्तिलाई इज्जत दिने परिपाटी बसाल्न सके लैङ्गिकता एवम् सामाजिक समावेशीकरणका धेरैजसो समस्या हल हुने धारणा अघि सार्नुभयो ।

उहाँले लैङ्गिकता एवम् सामाजिक

...बाँकी पृष्ठ ३ मा

## यसभित्र


| | |
|---|---|
| १. कमलरीहरूमाथि भएका दुर्व्यवहारप्रति आयोग गम्भीर | २ |
| २. आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकारको अनुगमन | २ |
| ३. मानसिक रोगीको अवस्था सुधार्न सरकारबाट थप प्रयास हुनुपर्ने | ४ |
| ४. संक्षिप्त समाचार | ५ |
| ५. सिफारिस अक्षरश: कार्यान्वयन हुनुपर्नेमा जोड | ६ |
| ६. मानव अधिकार संरक्षणमा रिट क्षेत्राधिकारको प्रभावकारी प्रयोगसम्बन्धी कार्यशाला | ७ |
| ७. मानव अधिकारको अवस्था सुधार्न माग गर्दै हस्ताक्षर संकलन | ८ |
| ८. डढेलो नियन्त्रणको दीर्घकालीन उपाय खोज्न आग्रह | ८ |

# कमलरीहरूमाथि भएका दुर्व्यवहारप्रति आयोग गम्भीर

'कमलरी प्रथा उन्मूलन संयुक्त संघर्ष समिति' को एक प्रतिनिधि मण्डलले कमलरीहरूमाथि भएको हत्या, हिंसा एवम् यौन शोषणका घटनाहरू तत्काल अन्त्य हुनुपर्ने माग राख्दै राष्ट्रिय मानव अधिकार आयोगमा ज्ञापनपत्र बुझाएको छ ।



ज्ञापनपत्र बुझ्दै आयोगका सदस्य गौरी प्रधानले कमलरीहरूमाथि भइरहेको तमाम दुर्व्यवहारका घटनाहरूप्रति आयोग गम्भीर भएको जानकारी दिनुभयो ।

सदस्य प्रधानले कमलरीहरूको मुक्ति, दीर्घकालीन पुनःस्थापना, सामाजिक एकीकरण र क्षतिपूर्तिको व्यवस्था यथासक्य छिटो हुनुपर्ने खाँचो औंल्याउँदै यस दिशामा सरकार गम्भीर हुनुपर्ने धारणा अघि सार्नुभयो ।

उहाँले २०६९ साल चैत १४ गते ललितपुरस्थित चाकुपाटमा मालिकको घरमा बालमजदुर बनिरहेकै अवस्थामा १२ वर्षीय सिर्जना चौधरीको रहस्यमय मृत्यु भएकोबारे आयोगले अनुगमन गरिरहेको जानकारी दिनुभयो ।

उहाँले राजधानीलगायत विभिन्न जिल्लामा कमलरीहरूमाथि भएको हत्या, हिंसा, शोषण, उत्पीडन र विभेदबारे प्राप्त उजुरीका आधारमा तत्काल विशेष टोली गठन गरी स्थलगत अनुगमन गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो ।

प्रतिनिधि मण्डलको नेतृत्व गरेर आउनुभएका फकला चौधरीले हालसम्म छजना कमलरीको हत्या भएको, २७ कमलरीलाई बेपत्ता पारिएको र ११ जना कमलरीले मालिकको यौन शोषणबाट गर्भ बोकी 'कुमारी आमा' नियति भोग्नुपरेको जानकारी दिनुभयो ।

उहाँले कमलरीहरूमाथि भएका तमाम दुर्व्यवहारप्रति सरकारको ध्यानाकर्षण बाध्यतावश वैशाख ३ र ४ गते दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर बन्द गरेको तर कमलरीहरूको समस्या समाधानप्रति सर कारले कुनै चासो नदिएको दुःखेसो पोख्नुभयो ।

प्रतिनिधि मण्डलमा मुक्त कमलरीहरू पनि संलग्न हुनुहुन्थ्यो ।

# आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकारको अनुगमन

जाजरकोटका नागरिकको स्वास्थ्य, खाद्य, शिक्षाजस्ता आधारभूत अधिकार गम्भीर रूपमा उल्लङ्घन भएको पाइएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (नेपालगञ्ज) ले जाजरकोटका नागरिकको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका सम्बन्धबारे गरेको अनुगमनबाट सो तथ्य प्रकाशमा आएको हो ।

भौगोलिक जटिलता, सामाजिक संरचनालगायतका कारक तत्वका कारण जाजरकोटका नागरिकको आर्थिक स्रोत साधनको पहुँच तुलनात्मक रूपमा कमजोर रहेकोले यस दिशामा सरकारको ध्यान जानुपर्ने कुरा अनुगमन प्रतिवेदनमा उल्लिखित छ ।

अनुगमनका क्रममा प्रमुख जिल्ला अधिकारी, जिल्ला शिक्षा अधिकारी एवम् जाजरकोटका प्रहरी प्रमुख गाविस, जिल्ला विकास समितिका प्रतिनिधि, सञ्चारकर्मी, जनसाधारण एवम् गाविस सचिवहरूसँग भेटघाट गरी जानकारी संकलन गरिएको थियो । यसैगरी, स्वास्थ क्षेत्र, राजनीतिक दल, खाद्यान्न डिपो, नागरिक समाजका प्रतिनिधिहरूसँग पनि वार्तालाप गरी आवश्यक जानकारी संकलन गरिएको थियो ।

## जेष्ठ नागरिकको... पृष्ठ १ को बाँकी

ज्येष्ठ नागरिकका लागि स्वास्थ सुविधा निःशुल्क गरिनुपर्ने, जेष्ठ नागरिकको सामाजिक सुरक्षा र बाँच्न पाउने अधिकारको सुनिश्चितता संविधानमै गरिनुपर्ने, सरकारले दिँदै आएको भत्ता प्रर्याप्त नभएकोले सो बढाइनुपर्ने, ज्येष्ठ नागरिकको तथ्याङ्क अद्यावधिक राखिनुपर्ने, जेष्ठ नागरिकले पाउने सेवा-सुविधासम्बन्धी प्रक्रियालाई सरल र सहज बनाइनुपर्ने, ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ कार्यान्वयन गरिनुपर्नेलगायतका विषयमा कार्यशालाका सहभागीहरूले जोड दिनुभयो ।

## राष्ट्रिय मानवअधिकार आयोग

### केन्द्रीय कार्यालय, ललितपुर

**आयोगका पदाधिकारीहरू**

अध्यक्ष : केदारनाथ उपाध्याय
सदस्य : रामनगिना सिंह
सदस्य : गौरी प्रधान
सदस्य : डा. लीला पाठक
सदस्य : डा. के.बी. रोकाया

*लैङ्गिकता र सामाजिक... पृष्ठ १ को बाँकी*

समावेशीकरणका मामिलाहरूलाई सम्बोधन गर्ने क्रममा फराकिलो सोंचाइ राख्दै रुढीग्रस्त एवम् पूर्वाग्रही मान्यताहरू त्याग्नुपर्ने खाँचो पनि औंल्याउनुभयो ।

सो अवसरमा बोल्दै आयोगका सदस्य गौरी प्रधानले नेपाली समाजको सामाजिक विकासका लागि लैङ्गिकता एवम् सामाजिक समावेशीकरणका मामिलाहरूबारे व्यवस्थित बुझाइ आवश्यक रहेको चर्चा गर्नुभयो ।

सदस्य प्रधानले लैङ्गिकता एवम् सामाजिक समावेशीकरणसँग गाँसिएका सवालहरूको उत्तर खोज्ने क्रममा सामाजिक सम्वेदनशीलतालाई अन्तष्करणमा राखेर कर्मक्षेत्रमा अघि बढ्नुपर्ने विचार सार्नुभयो ।

उहाँले समाजबाट लैङ्गिक हिंसा र सामाजिक वहिष्करणको कुसंस्कारलाई अन्त्य गर्न हरेक व्यक्तिले आफ्ना सामाजिक व्यवहार र कार्यशैलीबारे आत्मसमीक्षा गर्न आवश्यक भएको धारणा राख्नुभयो ।

सो अवसरमा बोल्दै आयोगका कामु सचिव वेदप्रसाद भट्टराईले लैङ्गिकता एवम् सामाजिक समावेशीकरणबारे अवधारणागत स्पष्टता कायम गर्न कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो ।

कामु सचिव भट्टराईले देशका सीमान्तकृत वर्ग र समुदायलाई विकासको मूलधारमा नल्याएसम्म लैङ्गिक हिंसा र सामाजिक विभेद अन्त्य नहुने बताउनुभयो ।

उहाँले लैङ्गिकता एवम् सामाजिक समावेशीकरणका सवालहरू मनोवैज्ञानिक विषय पनि भएकाले यस्ता विषयमा काम गर्दा हाम्रा आचरण शुद्ध हुनुपर्ने आवश्यकतामाथि चर्चा गर्दै सबैप्रति समभाव र समदृष्टि कायम गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा अवधारणापत्र प्रस्तुत गर्दै नेपालस्थित बेलायतको अन्तर्राष्ट्रिय सहयोग नियोग (डीएफआइडी) मा कार्यरत सामाजिक मनोवैज्ञानिक डा.करूणा वन्तले सामाजिक समावेशीकरण र मानव अधिकारमुखी विकास पद्धतिबारे प्रस्तुति गर्नुभयो ।

उहाँले सामाजिक समावेशीकरणका मूलभूत रूपमा मामिलाहरू वहिष्करण गर्ने र वहिष्करण भोग्ने वर्गबीच कायम असमान शक्ति र ती वर्गबीचको कसरी शक्ति सन्तुलन कायम गर्ने सवालहरूमा केन्द्रित रहेको धारणा अघि सार्नुभयो ।

उहाँले एक प्रसंगमा सबैसँग स्वच्छ व्यवहार गर्नुले सामाजिक समावेशीकरणसँग गहिरो सम्बन्ध राख्ने धारणा राख्दै अवसरविहीनहरूलाई अवसर र सामाजिक न्याय दिने वातावरण तयार पार्न सहयोग गर्नु नै सामाजिक समावेशीकरणतिरको यात्रा शुरु गर्नु हो भन्नुभयो ।



राष्ट्रिय मानव अधिकार आयोगको क्षमता सबलीकरण परियोजनाका राष्ट्रिय परियोजना प्रबन्धक साधना घिमिरेले ‘महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव अन्त्य गर्ने महासन्धि’ महिला अधिकार र राष्ट्रिय मानव अधिकार आयोगको भूमिकाबारे प्रकाश पार्नुभयो ।

उहाँले ‘महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव अन्त्य गर्ने महासन्धि’ अन्तर्गत नागरिकता प्राप्तिको हक, शिक्षा प्राप्तिको हक, रोजगार र समान ज्यालाको हक, प्रजनन स्वास्थ्यसम्बन्धी हक, सामाजिक लाभको हक, कानुनका अघि सबै समान हुने हक, पारिवारिक एवम वैवाहिक अधिकारलगायतका अधिकारहरू पर्ने बताउनुभयो ।

उहाँले ‘महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव अन्त्य गर्ने महासन्धि’ का प्रावधानहरूलाई नेपालको सन्दर्भमा व्याख्या र विश्लेषण गर्नुभयो ।

उहाँले महिला अधिकारका विविध आयाम र विकासक्रमबारे चर्चा गर्दै पछिल्लो चरणमा ग्रामीण महिलाको अधिकार, पारिवारिक अधिकार, सम्बन्ध विच्छेदको अधिकार, श्रीमान्-श्रीमतीको समान अधिकारलगायतका सवालहरू उठिरहेको बताउनुभयो ।

उहाँले नेपाली समाजमा विद्यमान पितृसत्तात्मक सोंचाइले महिला अधिकारले मूर्त रूप ग्रहण गर्न नसकेको स्थितिमाथि प्रकाश पार्दै हाम्रा साझा सोंचाइ र सामाजिक मनोविज्ञानको क्षितिज फराकिलो भएमा मात्र महिला अधिकार र लैङ्गिकतासँग गाँसिएका मामिलाले सहज गन्तव्य निर्धारण गर्ने धारणा अघि सार्नुभयो ।

कार्यक्रममा डा. मीरा मिश्रले ‘मानव अधिकार र लैङ्गिकता: अवधारणगत स्पष्टता र अन्तरसम्बन्ध’ शीर्षकमा प्रस्तुतीकरण गर्दै प्रत्येक मानिस समान रूपमा जन्मिए पनि असमान व्यवहार भएको हुँदा मानव अधिकार र लैङ्गिकताका सवालहरू जल्दोबल्दो रूपमा उठिरहेको धारणा अघि सार्नुभयो ।

उहाँले महिला र पुरुषबीच जैविक रूपमा थोरैमात्र भिन्नता भए पनि सामाजिक रूपमा भने थुप्रै असमानता कायम रहेको चर्चा गर्दै यहीबाट लैङ्गिक विभेदको सवाल उठ्न थालेको बताउनुभयो ।

उहाँले लिङ्ग (सेक्स) र ‘जेण्डर’ दुई भिन्न विषय हुन् विषयमा प्रकाश पार्दै लिङ्ग (सेक्स) जैविक रूपमा निर्मित भएको हुन्छ र ‘जेण्डर’ सामाजिक रूपमा निर्मित हुन्छ भन्नुभयो । उहाँले यिनीहरूबीचको सामाजिक भिन्नतालाई आर्थिक, राजनीतिक र सांस्कृतिक पक्षहरूले पक्षले निर्धारण गर्छ भन्नुभयो ।

उहाँले नेपाली समाजमा महिला र सीमान्तकृत वर्ग संरचनागत रूपमै वहिष्करणमा परेको दृष्टान्त पेश गर्दै उनीहरूलाई सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक रूपमा समावेशीकरण गर्नुपर्ने आवश्यकतामाथि जोड दिनुभयो ।

उहाँले समाजले बच्चाप्रति श्रीमान र श्रीमतीले सम्मान जिम्मेवारी वहन गर्ने परिपाटी बसाल्न नसकेको दृष्टान्त पेश गर्दै ‘जसले बच्चा जन्माउँछ, उसले नै बच्चा हुर्काउने जिम्मा लिनुपर्छ’ भन्ने मान्यता विकास भएकोले बच्चाको पालन-पोषणमा श्रीमान् र श्रीमतीको समान जिम्मेवारीको भावना सन्तोषजनक किसिमले विकास हुन नसकेको विचार पेश गर्नुभयो ।

# मानसिक रोगीको अवस्था सुधार्न सरकारबाट थप प्रयास हुनुपर्ने

राष्ट्रिय मानव अधिकार आयोगले मानसिक स्वास्थ्यका क्षेत्रमा काम गर्दै आइरहेको संस्था 'आशादीप' को गतिविधिहरू अनुगमन गरेको छ ।



'आशादीप' को गतिविधिहरूको अवलोकन गरेपछि अनुगमन टोलीद्वारा प्रकाशित प्रतिवेदनका अनुसार संस्थामा मनोरोग परामर्शदाता, प्यारामेट्रिक्स, थेरापिष्टलगायत १८ जना कर्मचारी कार्यरत हुनुहुन्छ ।

सो संस्थामा सर्वसाधारण नागरिक, प्रहरी, आइसीआरसी, अन्तर्राष्ट्रिय आप्रवासी संगठन र राजदूतावासको समेत सिफारिसमा स्वदेशी तथा विदेशी बिरामीहरू आउने गरेको प्रतिवेदनमा उल्लिखित छ ।

विसं २०४७ सालमा दर्ता भई सन् १९९३ मा केन्द्रीय कारागारबाट उद्दार गरी ल्याइएका छजना महिला मानसिक बिरामीहरूलाई उपचार गरी कामको थालनी गरिएको थियो । हाल संस्थाको सेवा विस्तार भई सुन्दरीजल (नयाँपाटी) मा पुनःस्थापनागृह सञ्चालन गरिएको छ । यसैगरी, ललितपुर, काठमाडौ र भक्तपुरमा एक-एक दिवा हेरचाह केन्द्र सञ्चालित छन् ।

'आशादीप' ले हाल समुदायस्तरमा मानसिक रोगबारे जनचेतनमूलक कार्यक्रम सञ्चालन गरेको, नेपालको ५० जिल्लामा घुम्ती शिविर गरिसकेको र आगामी दुई वर्षभित्रमा पचहत्तरै जिल्लामा सो शिविर विस्तार गर्ने योजना रहेको पनि प्रतिवेदनमा उल्लिखित छ ।

बिरामीहरूको आर्थिक अवस्था तथा आवश्यकता पहिचान गरी सेवा शुल्कवापत् प्रतिदिन दुई सयदेखि चार सय पचास रुपियाँ र विदेशीहरूको हकमा एक हजार रुपियाँसम्म लिने गरेको एवम् प्रहरीले कारागारबाट ल्याइएका बिरामीहरूलाईचाहिँ निःशुल्क सेवा दिने गरिएको प्रतिवेदनमा जनाइएको छ ।

हिंसा र मानसिक रोगको अन्तरसम्बन्धबारे प्रतिवेदनमा भनिएको छ, 'अधिकांश बिरामीहरू हिंसाका कारण मानसिक रोगी बन्न पुगेको देखिन्छ भने कतिपयचाहिँ मानसिक रोग भएकै कारण हिंसामा परेका भेटियो ।'

पुनःस्थापना केन्द्रमा बढीमा ४० जनासम्मको बिरामी राख्न सक्ने क्षमता रहेको, बिरामीहरूको नियमित उपचार र परामर्शको जिम्मेवारी मानसिक रोग विशेषज्ञ डा. प्रभातकिरण प्रधानले लिनुभएको, बिरामीको हप्तामा दुईपटक स्वास्थ्य परीक्षण गर्ने गरिएको तथा आवश्यकता हेरी अन्य समयमा पनि परीक्षण गर्ने गरिएको प्रतिवेदनमा उल्लिखित छ ।

संस्थाको भौतिक पूर्वाधारसम्बन्धी जानकारी र दैनिक कार्यतालिका संस्थाको भित्तामा टाँसिएको, बिरामीलाई घुमफिरलगायत मन बहलाउने प्रकृतिको गतिविधिमा संलग्न गराउने गरिएको, बिरामी बढी आक्रमक भएमा परिवारको सहमतिमा बिरामीलाई एक/दुई घण्टा एकान्तमा राखिने गरिएको, बिरामी सामान्य अवस्थामा आएपछि फेरि समूहमा नै घुलमिल हुने व्यवस्था मिलाइएको कुरा पनि प्रतिवेदनमा जनाइएको छ ।

प्रतिवेदनका अनुसार संस्थाले शतप्रतिशत रूपमा दाताको सहयोग नलिने नीति अपनाएको, अहिले कुल खर्चको करिब ६० प्रतिशतमात्र दातृनिकायको सहयोग लिने गरेको र भविष्यमा दातृनिकायको सहयोगबिना नै सुधारगृह सञ्चालन गर्ने लक्ष्य रहेको छ ।

यसैबीच, राष्ट्रिय मानव अधिकार आयोगले मानसिक रोगीहरूका पक्षमा काम गरिरहेको 'कोसिस' नामक संस्थाको गतिविधिरू पनि अनुगमन गरेको छ ।

मानसिक रूपमा समस्या भएका महिलाहरूलाई 'ट्रान्जिट होम' मा राखेर उपचार, परामर्श र पुनःस्थापनासम्बन्धी काम गरिरहेको सो संस्थाको संरक्षकत्वमा सातजना बिरामी रहेको अनुगमन टोलीद्वारा जारी प्रतिवेदनमा जनाइएको छ ।

'ट्रान्जिट होम' स्याङ्जाबाट उद्दार गरिएकी एक महिलाको साथमा नौ महिनाको एउटी बालिका समेत रहेको, उक्त बालिका बलात्कारको परिणामस्वरुप जन्मिएको 'कोसिस' का पदाधिकारीलाई उधृत गर्दै प्रतिवेदनमा उल्लेख गरिएको छ ।

'ट्रान्जिट होम' मा रहेका बिरामीहरूलाई नियमित रूपमा स्वास्थ्य परीक्षण र परामर्श सेवा उपलब्ध गराएको जानकारी 'कोसिस' का कार्यकारीले निर्देशक मातृका देवकोटाले दिनुभयो ।

बिरामीहरूले फुर्सदको समयमा प्लाष्टिकको चकटी बुन्नेलगायतका सीपमूलक काम लगाउने, टेलिभिजन हेर्नेजस्ता मन बहलाउने क्रियाकलापमा पनि संलग्न गराइने गरिएको पनि प्रतिवेदनमा उल्लिखित छ । प्रतिवेदनका अनुसार हालसम्म सरकारी निकायबाट अनुगमन नभए पनि राष्ट्रिय महिला आयोगले एकपटक स्थलगत भ्रमण गरी बिरामीहरूको अवस्थाबारे जानकारी लिएको थियो ।

...बाँकी पृष्ठ ५ मा

*मानसिक रोगीको... पृष्ठ ४ को बाँकी*

प्रतिवेदनमा मानसिक स्वास्थ्यबारे जनचेतना जगाउनुपर्ने आवश्यकता औंल्याउँदै मानसिक रोगीहरूले मानवोचित एवम् सम्मानपूर्ण जीवन यापन गर्न पाउने नैसर्गिक वातावरण निर्माण गर्न सबैको अपरिहार्यतामाथि प्रकाश पारिएको छ ।

मानसिक रोगीप्रति घर-परिवार र समाजको पनि गहन दायित्व रहेको वास्ताविकता औंल्याउँदै सुधारगृहको मात्र भर पर्दा ठीक भइसकेका कतिपय मानसिक रोगीहरू पनि पारिवारिक र सामाजिक सद्भावको अभावमा पुन: पुरानै अवस्थामा फर्कनसक्ने खतराप्रति सचेत हुनुपर्ने आवश्यकतामाथि प्रतिवेदनमा जोड दिइएको छ ।

उपचारपछि निको भएर आफ्नो घर फर्केका कतिपय बिरामीलाई परिवारजनले औषधि उपलब्ध नगराउँदा र समाजले हेयभावले हेरिदिँदा बिरामी पुरानै अवस्थामा पुगेको र उपचारका लागि भएका प्रयास खेर गएको अनुभव पनि संस्थाले संगालेको प्रतिवेदनमा उल्लिखित छ ।

'राज्यले यस किसिमको सुधारगृह स्थापना नगरेको अवस्थामा गैरसरकारी संस्थाले मानसिक रोगीको हितमा चालेको यो कदम सराहनीय देखिन्छ ।' प्रतिवेदनमा भनिएको छ ।

प्रतिवेदनमा भनिएको छ, 'मानसिक अस्पताल (लगनखेल) बाहेक देशका पाँचवटा क्षेत्रीय अस्पतालमा मानसिक रोग विभाग छन् । ती अस्पतालले मानसिक रोगीहरूको चापलाई धन्न सकेको देखिंदैन । नेपालमा हाल करिब ८० लाख मानसिक रोगका बिरामी रहेको तथ्याङ्क छ । मानसिक रोगीहरूको हितका लागि सरकारले थप प्रयास थाल्नुपर्ने देखिन्छ ।'

मानसिक रोगीहरूको अवस्था सुधार्नेबारे भए-गरेका प्रयासहरूका सम्बन्धमा जानकारी लिई थप सुधारका लागि नेपाल सरकारलाई नीतिगत सिफारिस गर्ने उद्देश्यले सो अनुगमन गरिएको थियो । अनुगमन टोलीमा सम्वर्द्धन तथा वकालत एवम् सामूहिक अधिकार महाशाखा प्रमुख सूर्यबहादुर देउजा तथा मानव अधिकार अधिकृत सम्झना शर्मा र खिमानन्द बस्याल संलग्न हुनुहुन्थ्यो ।

# संक्षिप्त समाचार

## मानव अधिकारको अवस्थाबारे 'ब्रिफिङ'

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (पोखरा) ले बेलायती प्राध्यापक तथा विद्यार्थीहरूलाई नेपालको मानव अधिकारको अवस्थाबारे 'ब्रिफिङ' गरेको छ ।

सो अवसरमा आयोगका निमित्त क्षेत्रीय निर्देशक यज्ञप्रसाद अधिकारीले नेपालमा मानव अधिकारको समग्र अवस्था, राष्ट्रिय मानव अधिकार आयोगको क्षेत्राधिकार, यसको अन्तर ाष्ट्रिय हैसियत, आयोगले भोगेका चुनौती र आयोगले हाँसिल गरेका उपलब्धीहरूबारे जानकारी दिइएको थियो ।

बेलायतको 'दुर्हम विश्वविद्यालय स्कूल अफ गभर्नमन्ट एण्ड इन्टरन्यास्नल अफियर्स्' का प्राध्यापक निकोलस लिवर र १० जना विद्यार्थीहरूको सहभागिता रहेको सो कार्यक्रममा सहभागीहरूको जिज्ञासाको उत्तर आयोगका निमित्त क्षेत्रीय निर्देशक यज्ञप्रसाद अधिकारीले दिनुभएको थियो ।

## प्रस्ताव लेखन तालिम

राष्ट्रिय मानव अधिकार आयोग मध्यमाञ्चल क्षेत्रीय कार्यालय (जनकपुर) ले प्रस्ताव लेखन तालिम आयोजना गरेको छ ।

चार दिनसम्म सञ्चालित सो तालिममा आयोगको क्षेत्रीय कार्यालय जनकपुरका कर्मचारी, पत्रकार र मानव अधिकारकर्मीहरू गरी जम्मा १८ जनाको सहभागिता थियो ।

'इस्टर्न रिसर्च इन्टिच्यूट अफ पोजिटिभ साइन्स, नेपाल' का अध्यक्ष रामचन्द्र लामिछाने र आयोगका क्षेत्रीय कार्यालय (जनकपुर) का निमित्त क्षेत्रीय निर्देशक बुद्धनारायण साहनीले स्रोतव्यक्तिको रूपमा काम गर्नुभएको थियो ।

## अनुगमन

सर्लाहीको ढुंग्रेखोला गाविस वडा नं. २ निवासी ४० वर्षीय जीतबहादुर घिसिङको प्रहरी हिरासतमा मृत्यु भएको घट्नाबारे राष्ट्रिय मानव अधिकार आयोग मध्यमाञ्चल क्षेत्रीय कार्यालय (जनकपुर) ले अनुगमन गरेको छ ।

अनुगमनका क्रममा प्रहरी निरीक्षक दीपक न्यौपानलगायतका सरोकारवाला व्यक्तिलाई भेटेर घटनाबारे जानकारी लिनुका साथै हिरासत कक्षको पनि अनुगमन गरिएको थियो । हिरासतमा रहेका घिसिङको इलाका प्रहरी कार्यालय हरिवन (सर्लाही) मा २०६९ चैत्र २९ गते राति मृत्यु भएको थियो ।

यसैबीच, आयोगले कारागार कार्यालय राजबिराजमा बन्दीहरूबीच भएको झडपबारे पनि अनुगमन गरेको छ । अनुगमनको क्रममा कारागार कार्यालय (सप्तरी) का कार्यालय प्रमुख प्रमोदकुमार झा, प्रहरी उपरीक्षक सञ्जयसिंह बस्नेत एवम् झडपमा घाइते भएका बन्दीहरूसँग पनि घटनाका सम्बन्धमा जानकारी लिएको थियो । २०६९ चैत्र २० गते बन्दीहरूबीच झडप भएको थियो । झडपमा सातजना घाइते भएको जानकारी प्राप्त भएको थियो । आयोगका निमित्त क्षेत्रीय निर्देशक बुद्धनारायण साहनीले दुबै घटनाको अनुगमन गर्नुभएको थियो ।

## स्वास्थ्य अधिकारबारे कार्यशाला

एचआइभी संक्रमित महिला, लागू पदार्थ दुर्व्यसनी महिला तथा यौनकर्मी महिलाको स्वास्थ्य अधिकारबारे पोखरामा दुई दिवसीय कार्यशाला आयोजना गरेको छ ।

कार्यशालाका सहभागीहरूले गम्भीर प्रकृतिका स्वास्थ्य समस्याबाट ग्रसित महिलाहरूले सम्मानित जीवन जिउन पाउने वातावरण तयार पार्न सरोकारवाला सबैले जिम्मेवारी वहन गर्नुपर्ने आवश्यकतामाथि जोड दिनुभयो ।

आयोगका निमित्त क्षेत्रीय निर्देशक यज्ञप्रसाद अधिकारी, यूएनएड्सका वीना पोखरेल र महिला तथा बालबालिका कार्यालयका प्रतिनिधि सरोज गुरुङले कार्यशालाको सहजीकरण गर्नुभएको थियो ।

'न्यासनल फेडेरेसन अफ उमन लिभिङ उइद एचआइभी/एड्स-नेपाल', जागृति महिला महासंघ, राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (पोखरा) र 'यूएनएड्स' को संयुक्त आयोजनामा कार्यशाला सम्पन्न भएको थियो । कार्यशालामा ३० जनाको सहभागिता थियो ।

### आयोगको सिफारिस कार्यान्वयनको अवस्थाबारे अन्तरक्रिया

# सिफारिस अक्षरश: कार्यान्वयन हुनुपर्नेमा जोड






बाँकेमा कार्यरत मानव अधिकारकर्मी, बुद्धिजीवी र द्वन्द्वपीडित परिवारका सदस्यहरूले राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरू अक्षरश: कार्यान्वयन हुनुपर्ने आवश्यकता औंल्याउनुभएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (नेपालगञ्ज) ले आयोजना गरेको 'आयोगको सिफारिस कार्यान्वयनको अवस्था चुनौतीहरू' विषयक अन्तरक्रिया कार्यक्रमका सहभागीहरूले सो आवश्यकता औंल्याउनुभएको हो ।

कार्यक्रममा बोल्दै द्वन्द्वपीडित एकल महिला सोभा वीसीले बेपत्ता पारिएका व्यक्ति र द्वन्द्वपीडितहरूले न्याय पाउनुपर्छ भन्दै पीडितलाई न्याय दिने र पीडकलाई कारबाही गर्ने परिपाटी बसाल्न आयोगका सिफारिसहरू अक्षरश: पालना हुनुपर्नेमा जोड दिनुभयो । उहाँले आयोगले गरेको सिफारिस कार्यान्वयन नहुँदा आफूहरूलाई पीडा भएको बताउनुभयो ।

कार्यक्रममा बोल्दै नेपाल बार एशोसियसनका पूर्वकेन्द्रीय उपाध्यक्ष अधिवक्ता प्रल्हादबहादुर कार्कीले राष्ट्रिय मानव अधिकार आयोगले गरेका कामहरूलाई सकारात्मक प्रयासको रूपमा चित्रण गर्दै आयोगबाट सम्पादन भएका कामले नागरिकलाई उर्जा दिएको बताउनुभयो ।

उहाँले आयोगको नागरिकप्रति गहन जिम्मेवारी रहेको चर्चा गर्दै सिफारिस कार्यान्वयका लागि नागरिक समाजले पनि सरोकारवालाहरूलाई निरन्तर रूपमा दवाव दिनुपर्ने विचार अघि सार्नुभयो ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का संयोजक भोला महतले आयोगको सिफारिस कार्यान्वयनको अवस्था हेर्दा निराशाजनक भएको चित्रण गर्दै आयोगले आफ्ना सिफारिस कार्यान्वयनका लागि रणनीतिक योजना ल्याउन सुझाव दिनुभयो ।

उहाँले नेपाल सरकारलाई जवाफदेही बनाउन तत्काल प्रयास थाल्नुपर्ने एवम् आफ्ना सिफारिस कार्यान्वयनको अवस्थाको बारेमा अध्ययन र विश्लेषण गर्नुपर्ने आवश्यकता पनि औंल्याउनुभयो ।

एडभोकेसी फोरम नेपालका क्षेत्रीय संयोजक वसन्त गौतमले आयोगको सिफारिस कार्यान्वयन नहुँदा आयोगको विश्वसनीयतामा ह्रास आइरहेको चर्चा गर्दै आयोगकै कर्मचारी दयाराम परियारसँग सम्बन्धित घटनाको सिफारिस कार्यान्वयन हुन नसक्नु दुःखद पक्ष हो भन्नुभयो ।

एडभोकेसी फोरम नेपालका अर्का सहभागी रवीन्द्र कर्णले आयोगले गरेको सिफारिस नेपाल सरकारले कार्यान्वयन नगरेको अवस्थामा आयोगले के कस्तो कारबाही प्रक्रिया अगाडि बढाउन सक्छ भन्ने जिज्ञासा राख्नुभयो ।

पुनरावेदन अदालत बार एशोसियशन (नेपालगञ्ज) का अध्यक्ष इश्वरीप्रसाद ज्ञवालीले आयोगको सिफारिस कार्यान्वयन नगर्नु भनेको आयोगप्रतिको अवहेलना हो भन्दै सिफारिस कार्यान्वयनका दिशामा सबैले दवाव दिनुपर्ने बताउनुभयो ।

उहाँले एक प्रसंगमा आयोगलाई शक्ति-सम्पन्न बनाउने सन्दर्भमा सरोकारवाला निकाय र राजनीतिक दलहरूले सोच्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेकपा एमालेका विजया ढकालले राष्ट्रिय मानव अधिकार आयोग संवैधानिक निकाय भएर पनि प्रभावकारी रूपमा काम गर्न नसकेको चर्चा गर्दै आयोगले गरेका सिफारिसबारे राजनीतिक दलका प्रतिनिधिहरूसँग बेलाबेलामा छलफल गरेमा सिफारिस कार्यान्वयनमा सहयोग पुग्ने विचार अघि सार्नुभयो ।

बालमजदुर सरोकार केन्द्र (सिविन) का 'टिम लिडर' मधुसुदन दवाडीले मानव अधिकार उल्लङ्घनकर्ताहरूका सूची सार्वजनिक गर्नुपर्ने आवश्यकता औंल्याउँदै आयोगले सिफारिस गरेका कुराहरू सार्वजनिक गरिएमा यसले जनदवाव पैदा गर्न सहयोग मिल्ने धारणा राख्नुभयो ।

ग्रामीण उत्थान केन्द्र (रुसुफ) का मुस्ताक अली राईले आयोगको सिफारिसमा स्पष्टता आवश्यक छ भन्दै न्यायका लागि सिफारिस गरिएको हो कि क्षतिपूर्तिका लागि गरिएको हो भन्ने खुल्नुपर्ने खाँचो औंल्याउनुभयो ।

सो अवसरमा बोल्दै अधिवक्ता सुनिल श्रेष्ठले आयोगको सिफारिसको कार्यान्वयनको लागि मानवअधिकारकर्मीहरूले पनि रणनीति तयार पारेर 'लबिङ' गर्नुपर्ने धारणा अघि सार्नुभयो ।

कार्यक्रममा नेपाल मानव अधिकार

...बाँकी पृष्ठ ७ मा

# मानव अधिकार संरक्षणमा रिट क्षेत्राधिकारको प्रभावकारी प्रयोगसम्बन्धी कार्यशाला

मानवअधिकार संरक्षणमा रिट क्षेत्राधिकारको प्रभावकारी प्रयोगसम्बन्धी दुई दिवसीय कार्यशाला गोष्ठी विरानगरमा सम्पन्न भएको छ ।

कार्यशालामा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले 'मानव अधिकार संरक्षणमा न्यायपालिका र राष्ट्रिय मानव अधिकार आयोगको भूमिका', सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश तथा न्यायाधीश समाज नेपालका अध्यक्ष रामकुमार प्रसाद साहले 'मानव अधिकार उल्लङ्घनका रिटहरूमा अन्तरिम आदेश र 'मानव अधिकार उल्लङ्घनको रोकथामको लागि निषेधाज्ञाको प्रयोग', सर्वोच्च अदालतका न्यायाधीश सुशिला कार्कीले 'व्यक्तिगत स्वतन्त्रता संरक्षणको प्रभावकारी उपायको रूपमा बन्दी प्रत्यक्षीकरण' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्दै विश्लेषणात्मक धारणा राख्नुभयो ।

यसैगरी, राष्ट्रिय मानव अधिकार आयोगका सदस्य रामनगिना सिंहले 'मानव अधिकार संरक्षणमा पुनरावेदन तथा जिल्ला अदालतहरुको रिट क्षेत्राधिकार' र पुनरावेदन अदालत हेटौंडाका न्यायाधीश




डा. आनन्दमोहन भट्टराईले 'आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारको कार्यान्वयन र रिट क्षेत्राधिकार' बारे कार्यपत्र प्रस्तुत गर्नुभयो ।

मानव अधिकार संरक्षण र संवर्द्धनका लागि न्यायपालिका र राष्ट्रिय मानव अधिकार आयोगले निरन्तर सहकार्य गर्नुपर्ने र मानव अधिकारको प्रभावकारी कार्यान्वयनका लागि राज्यका सबै निकाय तथा नागरिक समाजसमेतले हातेमालो गर्दै अघि बढ्नुपर्नेमा कार्यशालाका सहभागीहरूले जोड दिनुभयो ।

यस्तै बन्दी प्रत्यक्षीकरण तथा निषेधाज्ञालगायतका रिट अधिकार क्षेत्रको प्रभावकारी प्रयोगबाट नागरिकको वैयक्तिक स्वतन्त्रता प्रवर्द्धन तथा मानव अधिकार संरक्षणमा अत्यन्त महत्वपूर्ण योगदान रहने विषयमा कार्यशालामा जोड दिइयो ।

राष्ट्रिय मानव अधिकार आयोग र न्यायाधीश समाज नेपालद्वारा संयुक्त रुपमा आयोजित सो कार्यशाला पूर्वाञ्चल क्षेत्रका पुनरावेदन तथा जिल्ला अदालतका ४६ जना न्यायाधीशहरूको सहभागिता थियो ।

---

### *आयोगको सिफारिस... **पृष्ठ ६ को बाँकी***

संगठन (बाँके) का सभापति गणेशकुमार रेग्मीले मानवीय उत्तरदायित्व नै सबैभन्दा ठूलो कानुन हो भन्ने विषयमा चर्चा गर्दै यसलाई पालना गर्नु सरकार र सरोकारवाला निकाय हो भन्नुभयो ।

उहाँले आयोगको सिफारिस कार्यान्वयन नभएमा आयोगको विश्वसनीयता गुम्नेबारे सचेत तुल्याउँदै सिफारिस कार्यान्वयनका दिशामा आयोगको इच्छाशक्ति पनि महत्वपूर्ण पक्ष हो भन्ने धारणा पनि अघि सार्नुभयो ।

कार्यक्रममा प्रहरी निरीक्षक शिवबहादुर सिंहले अहिले मानव अधिकार उल्लङ्घनका घटनाप्रति प्रहरी संयन्त्र गम्भीर बनेको चर्चा गर्दै जिल्लाभरिका ६६ वटा युनिटहरू मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा क्रियाशील रहेको जानकारी दिनुभयो ।

उहाँले एक प्रसंगमा द्वन्द्वकालीन घटनाका सम्बन्धमा आयोगबाट रेकर्ड उपलब्ध गराउन पत्राचार भए पनि घटना पुरानो भएकोले आफूहरूसँग अभिलेख सुरक्षित नहुँदा जवाफ पठाउन समस्या परेको बताउनुभयो ।

पत्रकार अछरी पोखरेलले आयोगका सिफारिस कार्यान्वयनका लागि पहल हुनुपर्ने र बेलामा बेपत्ता पारिएका नागरिकहरूको अवस्था यथासक्य छिटो सार्वजनिक हुनुपर्ने खाँचो औंल्याउनुभयो ।

नेपाल कानुन व्यवसायी परिषदका पार्षद अधिवक्ता अब्दुल अजिज मुसलमानले राष्ट्रिय मानव अधिकार आयोगलाई अझ सशक्त बनाउनुपर्ने आवश्यकता औंल्याउँदै आयोगले गरेको सिफारिस कार्यान्वयन नभएको घडीमा नागरिक समाजको समेत सहयोग लिनुपर्ने बताउनुभयो ।

उहाँले आयोगको सिफारिस कार्यान्वयन नहुँदा मानव अधिकारको पालना र विधिको शासनमा पर्ने नकारात्मक असरबारे जनचेतना जगाउनुपर्ने खाँचो औंल्याउनुभयो ।

अधिवक्ता भीमबहादुर शाहीले मानव अधिकार उल्लङ्घनकर्ताहरूविरुद्ध गरिएको सिफारिस कार्यान्वयनका लागि नागरिक एकजुट भई सरकारलाई दवाव दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

आयोगले गरेका सिफारिसमध्ये २६ प्रतिशतमात्र पूर्ण कार्यान्वयनमा आएका छन् ।

हु.द.नं. २६/०६६/०६७

# मानव अधिकारको अवस्था सुधार्न माग गर्दै हस्ताक्षर संकलन



देशमा मानव अधिकारको समग्र अवस्था सुधार्न माग गर्दै बाग्लुङमा १५ हजार नागरिकको हस्ताक्षर संकलन गरिएको छ।

द्वन्द्वपीडितहरूले समयैमा न्याय पाउनुपर्ने, व्यक्ति बेपत्ता आयोग गठन गर्नुपर्ने, आममाफीको व्यवस्थासहित आएको सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयक खारेज हुनुपर्ने, दण्डहीनताको अन्त्य हुनुपर्ने, कानुनी शासनको प्रत्याभूति हुनुपर्नेलगायतका माग गर्दै हस्ताक्षर संकलन गरिएको जानकारी सत्कर्म नेपालका अध्यक्ष सीताराम थापाले दिनुभयो।

द्वन्द्वपीडित अधिकार समाजका संयोजक खिमानन्द गौतमका अनुसार मेलामा संकलित हस्ताक्षर बाग्लुङका प्रमुख जिल्ला अधिकारीमार्फत् राष्ट्रपति र मन्त्रिपरिषदका अध्यक्षलाई बुझाइएको थियो।

चैत्राष्टमी-२०६९ मेलाको मौका पारेर मेला भर्न आउने नागरिकहरूलाई लक्ष्यित गरी २०७० साल वैशाख ३ देखि ७ गतेसम्म सञ्चालित मानव अधिकारको प्रवर्द्धनात्मक कार्यक्रममा मानव अधिकार सित सरोकार राख्ने किताब, पोष्टर, बुकलेट, पर्चा, श्रव्य-दृश्य सामाग्रीहरू प्रर्दशन तथा वितरण गरिएका थिए। 'स्टल' मा धौलागिरी अञ्चलका द्वन्द्वपीडितहरूको अवस्था झल्काउने तस्बिरहरू पनि राखिएका थिए।

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (पोखरा), सत्कर्म नेपाल, द्वन्द्वपीडित अधिकार समाज, राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (पोखरा), स्थानीय शान्ति समिति, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), एम्नेष्टी इन्टरनेशनल नेपाल, महिला मानव अधिकार रक्षकहरूको सञ्जाल, मानव अधिकार तथा शान्ति समाज, नेपाल मानव अधिकार संगठन र आमा मिलन केन्द्रको सहकार्य एवम् ऐक्यबद्धतामा कार्यक्रम सम्पन्न भएको थियो।

# डढेलो नियन्त्रणको दीर्घकालीन उपाय खोज्न आग्रह

फागुन महिना यतादेखि देशका विभिन्न भागमा भएको आगलागी र डढेलोबाट भएको जनधन र प्राकृतिक सम्पदाको क्षतिप्रति राष्ट्रिय मानव अधिकार आयोगले विज्ञप्ति जारी गरी डढेलो नियन्त्रणका लागि दीर्घकालीन उपाय खोज्न आग्रह गरेको छ।

विज्ञप्तिमा भनिएको छ, 'विगतका वर्षहरूमा जस्तै खडेरी याममा अनियन्त्रित रूपमा आगलागी हुने र जनधनको क्षति हुने क्रम बढ्दो छ। तराई बस्तीमा आगलागी भएर सयौं घरहरू खरानी भएका एवम् हिमाली र पहाडी जिल्लाका सयौं हेक्टर वनमा आगलागी भएको जानकारी आमसञ्चार माध्यम र आयोग स्वयंले गरेको अनुगमनबाट प्राप्त भइरहेको छ।'

सुनसरी, झापा, सप्तरी, सिरहा, मोरङ, बारा, पर्सा, ताप्लेजुङ, बाँकेलगायतका जिल्लामा आगलागीका कारण ६ जनाको मृत्यु भएको, यसैगरी, ६ सय ४४ घर जलेको, २ सय ९४ परिवार विस्थापित भएको र देशभरका ७ सय ५६ वनमा आगलागी भएको जानकारी प्राप्त भएको आयोगद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

विज्ञप्तिमा अगाडि भनिएको छ, ' आगलागीबाट पीडित नागरिकहरू खासगरी बालबालिका, बृद्धबृद्धा, बिरामी एवम सुत्केरीको पहिचान गरी तिनलाई तत्काल सुरक्षित ठाउँमा स्थानान्तरण गर्न एवम् आवास, औषधोपचार, राहत, उद्दार र परिपूरणका कामहरू द्रुत गतिमा अघि बढाउन नेपाल सरकार र सरोकारवाला निकायहरूसँग आयोग आग्रह गर्दछ। साथै, आगलागी पीडितहरूको पुनःस्थापना र उपयुक्त परिपूरणको व्यवस्था गर्न आयोग आह्वान गर्दछ।'

डढेलोजस्ता बिपदहरूको समयमै निराकरण गर्नका लागि आवश्यक सतर्कता अपनाउन, नीति-नियम बनाउन तथा पर्याप्त बजेटको व्यवस्था मिलाउन पनि आयोगले नेपाल सरकार र सबै सरोकारवाला निकायहरूसँग आग्रह गरेको छ।

**पत्राचारको लागि**

**सम्पादक, मानव अधिकारपत्र, राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालय, ललितपुर**

**पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल**

**फोनः ०१-५०१००१५, फ्याक्सः ००९७७-१-५५४७९७३**

**इमेलः** manav.adhikarpatra@nhrcnepal.org

**प्रापकः**

राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुरबाट प्रकाशित, पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल, फोन : ०१-५०१००१५, फ्याक्सः ०१-५५४७९३ सम्पादक : यमबहादुर दुरा